

# कामलाई पुरस्कृत गर: धनलाई होइन

असमानताको सङ्कट अन्त्यका लागि हामीले सर्वसाधारणका निमित्त अर्थतन्त्र निर्माण गर्नु आवश्यक छ, जुन धनी र शक्तिशालीका लागि मात्र हुनुहुँदैन ।

www.oxfam.org

EVEN IT UP

OXFAM

# कामलाई पुरस्कृत गर: धनलाई होइन

असमानताको सङ्कट अन्त्यका लागि हामीले सर्वसाधारणका निमित्त अर्थतन्त्र निर्माण गर्नु आवश्यक छ, जुन धनी र शक्तिशालीका लागि मात्र हुनुहुँदैन ।

www.oxfam.org

# अक्सफामद्वारा विश्वव्यापी असमानताका विषयमा भएको अनुसन्धान–पत्रको सारांश – जनवरी २०१८

गत वर्ष विश्वले इतिहासमै सबैभन्दा बढी अरबपतिहरूको संख्यामा वृद्धि देख्यो, प्रत्येक दुई दिनमा थप एक अरबपति हुन गए । यसप्रकारको समृद्धिले विश्वव्यापी चरम गरिबीलाई सात गुणाले न्यूनिकरण गर्न सकिन्थ्यो । तर गत वर्ष कुल सिर्जित सम्पत्तिमा भएको वृद्धिमध्ये सबैभन्दा धनी १ प्रतिशतमा ८२ प्रतिशत धन केन्द्रित भयो भने तल्लो ५० प्रतिशतमा भने कुनै पनि अंश पुग्न सकेन ।

कैयौँलाई खतरनाक कामहरू न्यून ज्यालामा लगाई त्यसैका आधारमा केही व्यक्तिले अत्यधिक धन आर्जन गरेको पाइन्छ । महिला कम्सल खालका काम गर्न बाध्य छन् र प्राय सबै सर्वाधिक धनी व्यक्तिहरू पुरुष छन् । धनी र शक्तिशालीलाई मात्र नभई सामान्य कामदारहरू तथा स-साना किसानहरूलाई प्राथमिकतामा राखी सरकारहरूले समतामुलक समाज निर्माण गर्नतर्फ ध्यान दिनुपर्छ ।

© अक्सफाम इन्टरनेशनल जनवरी २०१८

यो सारांश म्याक्स लसनले लेखेका हुन् । यस सारांशको प्रकाशनका निम्ति निक ब्रायर, इनिगो मासिआस आइमर, जन स्लेटर र डिएगो आलेखो भासकेस पिमेन्टेलको सहायताप्रति अक्सफाम आभारी छ । यो प्रकाशन, विकास तथा मानवअधिकारका नीतिगत मुद्दामा सर्वसाधारणलाई सु-सुचित गराउन र सार्वजनिक बहसका लागि प्रोत्साहित गर्न लेखिएको श्रृङ्खलागत पत्रको एक भाग हो ।

यस पत्रमा उठाइएका विषयमा थप जानकारीका लागि कृपया निम्न इमेल ठेगानामा सम्पर्क गर्नुहोस्: advocacy@oxfaminternational.org.

यस प्रकाशन प्रतिलिपि अधिकारद्वारा सुरक्षित गरिएको छ ; तर यसभित्रका सामग्री विभिन्न सामाजिक अभियान, वकालत, शिक्षा र अनुसन्धानका निम्ति स्रोत पूर्ण रूपमा उल्लेख गरी निःशुल्क प्रयोग गर्न सकिनेछ । तथापि त्यस्ता प्रयोगहरूबाट सिर्जित प्रभावहरूको मूल्याङ्कनका निम्ति अक्सफामलाई सूचित गर्न अनुरोध गरिन्छ । अन्य प्रयोजनका लागि अथवा अन्य प्रकाशनमा पुनः प्रयोग, अनुवाद र अनुकूलताका लागि अनुमति आवश्यक पर्नेछ र शुल्क पनि लिन सकिनेछ । इमेल: policyandpractice@oxfam.org.uk.

मुद्रणमा लैजाने समय यस प्रकाशनमा भएका जानकारी सही छन् ।

प्रकाशक : अक्सफाम इन्टरनेशनलका लागि अक्सफाम जीबी
आइ. एस. बी. एन : ९७८-१-७८७४८-१४०-४ जनवरी २०१८
डी. ओ. आइ. : १०.२१२०१/२०१७.१३५०
अक्सफाम जीबी, अक्सफाम हाउस, जोन स्मीथ ड्राइभ, काउले, अक्सफोर्ड, OX4 2JY, UK

अनुवादः
अक्सफामको अनुमतिमा LDC Watch/SAAPE द्वारा अनुवाद गरिएको ।
सम्पर्क ठेगानाः LDC Watch अन्तर्राष्ट्रिय सचिवालय, गैरीधारा, काठमाडौं-२, नेपाल ।

आवरण फोटोः भियतनामको एक कपडा कारखानामा कपडा सिलाउँदै एक महिला । अक्सफामले भियतनामको एक कपडा कारखानामा काम गर्दै गरेका पुरुष र महिला कामदारहरूको अर्न्तवार्ता लिएको थियो । ती कामदारहरू विश्वका केही ठूला फेसन ब्राण्डहरूका लागि कपडा उत्पादन गर्छन् तर प्रति घण्टा एक अमेरिकी डलर कमाउन पनि उनीहरूलाई निकै संघर्ष गर्नुपर्छ । फोटोः इलिएनर फार्मर/अक्सफाम

# अक्सफाम

अक्सफाम परिवर्तनका लागि विश्वव्यापी अभियानको एक हिस्साका रूपमा गरिबी र असमानतामुक्त भविष्य निर्माणका लागि ९० भन्दा बढी देशहरूमा छरिएका २० संस्थाहरूको अन्तर्राष्ट्रिय सञ्जाल हो। अन्य जानकारीका लागि कृपया निम्नमध्येको कुनै एक निकायमा सम्पर्क गर्नुहोला अथवा www.oxfam.org मा हेर्नुहोला।

अक्सफाम अमेरिका (www.oxfamamerica.org)

अक्सफाम अष्ट्रेलिया (www.oxfam.org.au)

अक्सफाम इन बेल्जियम (www.oxfamsol.be)

अक्सफाम ब्राजिल (www.oxfam.org.br)

अक्सफाम क्यानडा (www.oxfam.ca)

अक्सफाम फ्रान्स (www.oxfamfrance.org)

अक्सफाम जर्मनी (www.oxfam.de)

अक्सफाम जीवी (www.oxfam.org.uk)

अक्सफाम हङ्कङ (www.oxfam.org.hk)

अक्सफाम आइबिस (Denmark) (www.ibis-global.org)

अक्सफाम इन्डिया (www.oxfamindia.org)

अक्सफाम इन्टरमोन (स्पेन) (www.oxfamintermon.org)

अक्सफाम आयरल्याण्ड (www.oxfamireland.org)

अक्सफाम इटाली (www.oxfamitalia.org)

अक्सफाम जापान (www.oxfam.jp)

अक्सफाम मेक्सिको (www.oxfammexico.org)

अक्सफाम न्यूजिल्याण्ड (www.oxfam.org.nz)

अक्सफाम नोभिब (Netherlands) (www.oxfamnovib.nl)

अक्सफाम क्यूबेक (www.oxfam.qc.ca)

अक्सफाम साउथ अफ्रिका (www.oxfam.org.za)

# सारांश

*सन् २०१६ मा फेसन कम्पनी जाराको प्यारेन्ट कम्पनीले विश्वको चौथो धनी व्यक्ति अमानसियो ओर्टेगालाई करिब १.३ अर्ब यूरो वार्षिक लाभांश बाँड्यो ।[1]*

*लान भियतनाममा निर्यातका लागि स्पोर्टस जुत्ता सिलाउने काम गर्छिन् । यातायात खर्चको अभावका कारण उनले आफ्नो छोरोलाई नभेटेको नौ महिना भइसक्यो र उनले सन् २०१७ मा करिब २७०० अमेरिकी डलर कमाउन सकिन् ।[2]*

गत वर्ष विश्वले इतिहासमै सबैभन्दा बढी अरबपतिहरूको संख्यामा वृद्धि देख्यो, प्रत्येक दुई दिनमा एक अरबपति थपिएको पाइयो । हाल विश्वमा २०४३ अरबपतिहरू छन् जसमा १० जनामध्ये ९ जना पुरुष छन् ।[3] अरबपतिहरूले गत वर्ष आफ्नो सम्पत्तिमा ठूलो वृद्धि पाए । सो बढ्दो समृद्धिले विश्वव्यापी चरम गरिबीलाई सात गुणाले न्युनीकरण गर्ने क्षमता राख्छ । विश्वव्यापी सम्पत्तिमा भएको वृद्धिमध्ये ८२ प्रतिशत माथिल्लो आय आर्जन १ प्रतिशत व्यक्तिमा केन्द्रित भएको पाइन्छ भने तल्लो ५० प्रतिशतमा सो वृद्धिको कुनै पनि भाग पुग्न सकेको देखिंदैन ।[4]

*"जब म गर्भवती भएँ, उनीहरुले मलाई गोदाममा काम गर्न दिए । त्यहाँ जुत्ताका बाकसहरु धेरै हुन्थे र मेरो काम ती बाकसहरुमा छाप लगाउने थियो । ती जुत्ताहरू मेरो छोरोलाई ठिक्क हुन्थे र ती धेरै राम्रा थिए । म मेरो छोरासँग पनि त्यस्तै जुत्ता होस् भन्ने चाहन्छु तर त्यो हुन सक्दैन । मेरो विचारमा ऊ पनि त्यस्तै जुत्ता चाहना गर्दो होला र मलाई यसप्रति अफसोस लाग्छ । यी जुत्ताहरू निकै राम्रा छन् । तपाईंलाई थाहा छ होला हामीले बनाउने एक जोर जुत्ताको मुल्य हाम्रो एक महिनाको तलबभन्दा बढी हुन्छ ।"*
*- लान, कपडा मजदुर, भियतनाम*

अहिले असमानताको सङ्कटलाई अन्त्य गर्न सम्पूर्ण मजदुरहरूलाई जीविकोपार्जनका लागि न्यूनतम ज्याला र सम्मानजनक काम सुनिश्चित गरिनुपर्छ । सबैतिर विश्वमा सबैभन्दा धनी १ प्रतिशत व्यक्तिमा केन्द्रित हाम्रो अर्थतन्त्र न्यून ज्यालामा काम गर्न बाध्य मजदुरहरूको आधारमा बनेको पाइन्छ । तीमध्ये महिलालाई अति कम ज्याला दिइन्छ र आधारभूत अधिकारहरूबाट पनि बञ्चित गरिन्छ । यस्तो अर्थतन्त्र बंगलादेशकी अञ्जुजस्ता मजदुरका भरमा बनेको छ जो प्रति घण्टा ०.३७ अमेरिकी

डलरमा काम गर्न बाध्य छन् अनि चर्पी जान नपाएर मुत्रनली संक्रमण (Urinary Tract Infection) बाट आक्रान्त छन् ।[५] यस प्रकारको अर्थतन्त्र संयुक्त राज्य अमेरिकाको एक कुखुरा कारखानामा कार्यरत डोलोरेसजस्ता मजदुरका आधारमा बनेको छ जो स्थायी अपाङ्गताका कारण आफ्नै बच्चाहरूको हात समात्न सक्दिनन् ।[६] यो अर्थतन्त्र थाईल्याण्डको आप्रवासी होटल मजदुर मिन्टजस्ता कामदारको भरमा बनेको छ[७] जो जागिर गुम्ने डरले पुरुष आगन्तुकहरूबाट लैङ्गिक हिंसा सहन बाध्य छन् ।

यो प्रकाशनले बढ्दै गइरहेको अधिक सम्पत्ति तथा मजदुरीका बाबजुद गरिबीमा बाँच्न बाध्य व्यक्तिहरूको स्थिति अवलोकन गर्दछ । साथै किन यसप्रकारको स्थिति सिर्जना भइरहेको छ भनेर अन्वेषण गरी यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्नेबारे सुझाव प्रस्तुत गर्दछ ।

# धेरै बोल्यौं, अब जनभावनाअनुसार समानतामा आधारित समाज निर्माण गरौं

असमानताप्रति चिन्तित छु नभन्ने राजनीतिक नेता तथा व्यापारी अगुवाहरु बिरलै भेटिन्छन् । यद्यपि शब्दभन्दा कामकाजले महत्त्व राख्दछ र हाम्रा नेताहरू यसैमा चुकेका छन् । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति ट्रम्प मजदुरहरूलाई सहयोग गर्ने वाचाका साथ निर्वाचित भएका थिए; तर अहिले उनले अरबपतिहरूको मन्त्रीमण्डल गठन गरेका छन् र धनाढ्य १ प्रतिशतहरूका[८] लागि अधिक कर कटौतीका लागि पहल गर्दै छन् । नाइजेरियाका राष्ट्रपति बुहारीले असमानताका कारण जनतामा रिस र निराशा[९] बढ्दै गइरहेको स्वीकार गरे तापनि नाइजेरियामा तेलबाट आर्जित अरबौं पैसा हिनामिना गरिएको आशंका छ, असमानता बढ्दै छ र एक करोड बालबालिका विद्यालय बाहिर छन् ।[१०]

अक्सफाम र डेभलपमेण्ट फाइनान्स इन्टरनेशनल (Development Finance International) ले असमानताको सामना गर्न १५२ राष्ट्रका सरकारहरूले लिएका कदमहरूको विस्तृत सूचकाङ्क संकलन गरेका छन् र तीमध्ये अधिकांश सरकारहरू असमानताको खाडल कम गर्न लाजमर्दो तरिकाले विफल भएको  देखिएको छ ।[११]

कोष्ठ १: अझ समान विश्वको आवश्यकता[१२]

यो प्रकाशनका लागि अक्सफामद्वारा विश्व जनसंख्याको झण्डै एक चौथाई ओगट्दै आएका १० मुलुकहरूका १,२०,००० मानिसहरूको सर्वेक्षण गरिएको थियो:

- तीन चौथाइभन्दा बढी मानिसहरूले धनी-गरीबबीचको अन्तर निकै ठूलो छ भन्नेमा "सहमति" वा "अझ बढी सहमति" जनाएका छन् – यसप्रकारको प्रतिक्रिया नेदरल्याण्डमा ५८ प्रतिशतदेखि नाइजेरियामा ८९ प्रतिशतसम्म पाइयो ।
- दश मुलुकहरूका झण्डै दुई तिहाइ उत्तरदाताहरूले धनी-गरीबबीचको अन्तरको सम्बोधन "तुरुन्त" या "एकदम तुरुन्त" हुनुपर्ने सोच्छन् ।
- कुल उत्तरदाताहरूमध्ये ६० प्रतिशतले धनी-गरीबबीचको अन्तर घटाउनु सरकारको जिम्मेवारी हुनुपर्नेमा "सहमति" या "अझ बढी सहमति" जनाएका छन् । दक्षिण अफ्रिकामा सो संख्या ६८ प्रतिशत रहेको छ ।
- ७५ प्रतिशत उत्तरदाताहरूले आफ्ना देशमा व्याप्त हालको आय असमानताभन्दा कम असमानता रुचाउने प्रतिक्रिया दिएका छन् । वास्तवमा, सर्वेक्षणमा भाग लिएका आधाभन्दा बढी व्यक्तिहरूले विश्वकै सबैभन्दा कम असमानता भएका मुलुकहरूमध्येको एक स्वीडेनभन्दा पनि कम असमानता चाहेको बताएका छन् ।

# असमानतालाई दबाउ, लोकतन्त्रलाई होइन

अक्सफाम कार्यरत देशहरूमा एकपछि अर्को गरेर नागरिकको अभिव्यक्ति स्वतन्त्रता खुम्च्याइँदै आएको छ र उक्त स्वतन्त्रतामाथि दमन भएको पाइन्छ । सिभिकस (CIVICUS), नागरिकहरूलाई सबल बनाउन समर्पित एक सञ्जालले एक सयभन्दा बढी देशहरूमा नागरिकका स्वतन्त्रताविरुद्ध गम्भीर खतरा रहेको जनाएको छ ।[१३]

"मेरो पीँढीले क्रान्ति अगाडिको समयमा फर्केर जानुपर्ने अवस्था आउने छैन । हाम्रो आँखा खुलिसकेको छ । हामीले दमन सहँदै आफैँलाई पुनः संगठित बनाइरहेका छौं र आर्थिक असमानता र अन्यायविरुद्ध लड्न तयारी गर्दैछौं ।"

- *गौसन तफिक, सामाजिक न्याय मञ्च (Social Justice Platform), इजिप्ट*

संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतका न्यायाधीश लुई ब्रेन्डीसको प्रसिद्ध भनाइ छ, “हामी यो देशमा कि लोकतन्त्र पाउन सक्छौं, कि केही व्यक्तिको हातमा अधिक सम्पत्ति केन्द्रित भएको पाउन सक्छौं, तर दुवै पाउन सक्दैनौं ।”[१४] हाम्रा नेताहरूलाई यो तथ्य थाहाँ नभएको होइन, तर सम्पत्ति केन्द्रीकरण तथा असमानतालाई घटाउनुको साटो उनीहरू लोकतन्त्र र न्यायपूर्ण समाजको माग गर्न पाउने स्वतन्त्रताविरुद्ध दमन गर्नतिर लागेको पाइन्छ ।

*“हामी यो देशमा कि लोकतन्त्र पाउन सक्छौं, कि केही व्यक्तिको हातमा अधिक सम्पत्ति केन्द्रित भएको पाउन सक्छौं, तर दुवै पाउन सक्दैनौं ।”*

*- संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीश लुई ब्रेन्डीस*

# उचाइबाट देखिने दृश्य

कोष्ठ २: अरबपतिको एकलौटी सौभाग्य[१५]

असमानताप्रति सम्बन्धित निकायको उदासीनताका माझ आर्थिक समुन्नतिको फाइदा केहीमा मात्र केन्द्रित हुँदै गर्दा यस सकंटले अझै विकराल रूप लिने देखिन्छ ।

- गत वर्ष विश्वले इतिहासमै सबैभन्दा बढी अरबपतिहरूको संख्यामा वृद्धि देख्यो, प्रत्येक दुई दिनमा एक अरबपति थपिँदै गए । हाल विश्वमा २०४३ अरबपतिहरू छन् र हरेक १० अरबपतिमध्ये नौ पुरुष छन् ।[१६]
- बाह्र महिनामा यी सम्भ्रान्त वर्गको सम्पत्ति ७६२ अर्ब अमेरिकी डलरले बढ्न गयो । यति परिमाणको सम्पत्तिले चरम गरिबीलाई सात गुणाले घटाँउन गर्न सकिन्थ्यो ।[१७]
- विश्वव्यापी सम्पत्तिमा गत वर्ष भएको वृद्धिमध्ये ८२ प्रतिशत धनाढ्य १ प्रतिशत व्यक्तिहरूमा केन्द्रित भएको पाइयो भने तल्लो ५० प्रतिशतमा सो वृद्धिको कुनै पनि अंश पुग्न सकेन ।[१८]
- अरबपतिहरूको सम्पत्ति एक वर्षमा ७६२ अर्ब डलरले वृद्धि हुँदै गर्दा महिलाले विश्वमा स्याहार अर्थतन्त्र (care economy) मार्फत वार्षिक एक सय खर्ब अमेरिकी डलर बराबरको निःशुल्क सेवा प्रदान गर्दै आएका छन् ।[१९]
- Credit Susse को नयाँ तथ्याङ्कअनुसार ४२ जना व्यक्तिसँग कम आयआर्जक ३.६ अर्ब व्यक्तिको सम्पत्ति बराबर र ६१ व्यक्तिसँग कम आयआर्जक ५० प्रतिशत व्यक्तिको सम्पत्ति बराबरको सम्पत्ति छ ।[२०]
- एक प्रतिशत धनाढ्यहरूसँग विश्वका बाँकी सबै जनसंख्याको भन्दा बढी सम्पत्तिको स्वामित्व रहेको पाइन्छ ।[२१]

विश्वका देशहरूमा उस्तै खालका दृश्य उदाउँदै गरेको देखिन्छ । सन् २०१७ मा अक्सफाम र अन्य संघसंस्थाहरूले गरेको अनुसन्धानले निम्न कुराहरू देखाएको छ ।

- नाइजेरियाका सबैभन्दा धनी व्यक्तिले आफ्नो सम्पत्तिबाट कमाएको वार्षिक ब्याजले बीस लाख मानिसहरूलाई चरम गरीबीबाट उकास्न सक्छ । नाइजेरियाले करिब एक दशक लामो सुदृढ आर्थिक विकास अनुभव गर्न पाए तापनि गरीबी भने सो अवधिमा बढेको पाइन्छ ।[२२]
- इन्डोनेसियाका चार धनाढ्य व्यक्तिहरूसँग देशका गरिब १० करोड व्यक्तिसँग रहेकोभन्दा बढी सम्पत्ति रहेको छ ।[२३]
- संयुक्त राज्य अमेरिकाका तीन सर्वाधिक धनी व्यक्तिहरूसँग उक्त देशका गरीब आधा जनसंख्याको (करिब १६ करोड) बराबरको सम्पत्ति छ ।[२४]
- ब्राजिलका सर्वाधिक धनी ०.१ प्रतिशत जनसंख्याले एक महिनामा कमाउने रकम बराबर आर्जन गर्नका निम्ति न्यूनतम ज्यालामा कार्यरत उक्त देशका मजदुरहरूले १९ वर्ष काम गर्नुपर्ने देखिन्छ ।[२५]

# नकमाइएको अत्यधिक धन

मूलधारको आर्थिक अवधारणाले के भन्छ भने असमानताले नवीन खोज र लगानीलाई प्रोत्साहन गर्छ । हामीलाई के भन्ने गरिएको छ भने अरबपतिहरू भनेका प्रतिभा, कडा परिश्रम र अन्वेषणका उच्चतम नमूना हुन् जसले हामी सबैलाई फाइदा पुग्दछ ।[२६]

*“असमानता दिनानुदिन बढ्दै छ । मजदुरहरू दिक्क छन्, उनीहरूको तलबले जीविका धान्न मुस्किल छ । यो सबै धनी र गरीबबीचको बढ्दो खाडलका कारण हुँदैछ जसले समृद्धिका सबै सम्भावनाहरूलाई बाधा पुऱ्याउँछ ।”*

*- तारिक मोबिन चौद्रे, विकासका लागि वित्त केन्द्र (Centre for Finance for Development), इन्दस समूह, पाकिस्तान (Indus Consortium, Pakistan)*

अझ धेरै प्रमाणहरूले[२७] के देखाउँछन् भने अहिलेको चरम असमानताको स्तर मान्छेका प्रतिभा, मिहिनेत र जोखिम-मोलाइलेमात्र पुष्टि हुँदैन । हालको असमानता मूलतः पुर्ख्यौली सम्पत्ति, एकाधिकार र राजनैतिक संस्थापनसँगको नजिकको सम्बन्धका आधारमा नाफा कमाउने अर्थतन्त्रको परिणाम हो ।

अरबपतिहरूको करिब एक तिहाई सम्पत्ति उनीहरूका बाउबाजेबाट प्राप्त भएको पाइन्छ । आगामी २० वर्षमा विश्वका सबैभन्दा धनाढ्य व्यक्तिहरूमध्येका ५०० जनाले २१ खर्ब अमेरिकी डलर आफ्ना सन्ततिहरूलाई सुम्पिने छन् - सो रकम १.३ अर्ब जनसंख्या भएको इन्डियाको कुल गाह्रस्थ उत्पादनभन्दा धेरै हो ।[२८]

व्यापार क्षेत्रमा हुने एकाधिकारले बाँकी अर्थतन्त्रको खर्चमा मालिक र शेयरधनीहरूलाई अत्याधिक लाभ पुऱ्याउने गर्दछ । शक्तिशाली निजी स्वार्थले सार्वजनिक नीतिलाई प्रभाव पारी विद्यमान एकाधिकारलाई बढावा दिने र नयाँ एकाधिकारहरूलाई निर्माण गर्ने गर्दछ। निजीकरण सम्झौताहरू, प्राकृतिक स्रोतहरूको न्यून मुल्यमा वेचविखन, सार्वजनिक खरिदमा घुसपैठ, करछुट र यस्तै कमीकमजोरीहरू मार्फत राजनैतिक संस्थापकहरूसँग नजिकिएका निजी क्षेत्रका व्यक्तिहरूले आम सर्वसाधारणको खर्चमा आफूलाई धनी बनाउँदै आएका छन् ।

अक्सफामको गणनाअनुसार अरबपतिहरूको दुई तिहाई सम्पत्ति उनीहरूको पुर्ख्यौली धन, एकाधिकार र आसेपासे अर्थतन्त्रको नतिजा हो ।[२९] अक्सफामले १० मुलुकहरूमा गरेको सर्वेक्षण अनुसार आधाभन्दा बढी उत्तरदाताहरूले कडा मेहेनतका बावजूद सर्वसाधारणलाई आफ्नो आर्थिक स्थिति उकास्न मुस्किल या असम्भव रहेको प्रतिक्रिया दिएका छन् ।

आर्थिक वृद्धिबाट प्राप्त परिणामहरू सबैभन्दा धनी वर्ग माझमा नै केन्द्रित हुने गर्दछ । लाखौं सर्वसाधारण मजदुरहरू न्यून ज्यालामा काम गरिरहँदा शेयरधनीहरू र वरिष्ठ अधिकारीहरूमा जाने लाभांश चाहिँ आकाशिँदै गएको पाइन्छ ।[३०] दक्षिण अफ्रिकामा समाजका १० प्रतिशत धनाढ्यहरूले देशमा आर्जित कुल आयको आधा हिस्सा पाउने गर्छन् भने गरीब आधा जनसंख्याले पाउने अनुपातमात्र १२ प्रतिशत रहिआएको छ ।[३१] एक दिनभन्दा अलिक बढी काम गरेर संयुक्त राज्य अमेरिकाका एक प्रमुख कार्यकारी अधिकृतले एक सामान्य मजदुरले एक वर्षमा कमाउने बराबरको आयआर्जन गर्छन् ।[३२] जागिरे व्यक्तिहरूमा पुरुषहरूले निरन्तर रूपमा बढी तलब प्राप्त गरिरहेका छन् ।[३३] औसतमा, कपडा क्षेत्रका ख्यातिप्राप्त पाँच कम्पनिका कुनै एक प्रमुख कार्यकारी

अधिकृतलाई एक सामान्य बङ्लादेशी महिला कामदारको आफ्नो जीवनभरको कमाइ बराबरको रकम कमाउन केवल चार दिन लाग्छ ।[३४]

प्राय: बढ्दो परिमाणमा रकमहरू धनाढ्य शेयरधनीहरूमा फिर्ती हुने गर्दछन् जसका कारण मजदुरहरू अमानविय तरिकाले पेलिदैं आएका छन् । भियतनामका कपडा कारखानामा कार्यरत २५ लाख मजदुरहरूको औसत ज्याला बढाएर जीविकोपार्जनका लागि चाहिने न्युनतम ज्याला बनाउनका निम्ति वार्षिक २.२ अर्ब अमेरिकी डलर खर्चिनुपर्ने हुन्छ । सो रकम विश्वका पाँच सबैभन्दा ठूला कपडा कम्पनिहरूले आफ्ना शेयरधनीहरूलाई दिने रकमको एक तिहाई बराबर हुन आउँछ ।[३५]

धनाढ्यहरूको सम्पत्ति बढ्नुको कारण धेरैजसो उनीहरू आफैँले या उनीहरूको स्वामित्वमा रहेका  कम्पनी र शेयरधनीले गैरकानुनी रूपमा कर कटौती गर्नु पनि हो । “पानामा पेपर्स” र “प्याराडाइज पेपर्स” नाम दिइएका दुई दस्तावेजहरूले अति धनाढ्यहरूले “ट्याक्स हेभन” भनिने करमुक्त क्षेत्रहरुको प्रयोग गरेर कम्तिमा ७६ खर्ब अमेरिकी डलर बराबर आफ्नो कर दायित्व कम तुल्याएको खुलासा गरेका छन् ।[३६] अर्थशास्त्री ग्याब्रियल जुकम्यानले यी दस्तावेजहरूका आधारमा गरेको नवीन विश्लेषणअनुसार एक प्रतिशत धनाढ्य व्यक्तिहरूद्वारा करिब २०० अर्ब अमेरिकी डलर बराबरको कर छली भएको आकलन छ ।[३७] त्यसैगरी व्यापारिक संस्थाहरुले ५०० अर्ब अमेरिकी डलरभन्दा बढी कर तिरेका छैनन् ।[३८] विकासशील राष्ट्रहरूले प्रत्येक वर्ष कम्पनी तथा संस्थानहरू र अति धनाढ्यहरूबाट कम्तिमा १७० अर्ब डलर बराबरको कर राजस्व गुमाउँदै आइरहेका छन् ।[३९]

अरबपतिहरूले प्रतिस्पर्धाको बजारमा नाफा कमाउन मजदुरहरूको ज्याला र काम गर्ने वातावरणमा ह्रास ल्याएर प्राप्त गरेको पाइन्छ जसका लागि उनीहरू कुनैपनि देशलाई कमभन्दा कम ज्याला, सीमिति मजदुर अधिकार र कर अनुदानजस्तो आत्मघाती कदम ल्याउन दबाब दिन्छन् ।

त्यसैगरी अति गरीब बालबालिकाहरू, खासगरी अति गरीब बालिकाहरू, गरीबकै रूपमा मर्न छाडिन्छन्  किनभने अवसरहरू धनी परिवारहरूका बालबालिकाहरूलाई मात्र उपलब्ध गराइन्छ ।[४०]

*“सपनाहरू त्यहीँ जन्मन्छन् र त्यहीँ मर्छन् ।”*

*- फेमनेट (FEMNET): The African Women's Development and Communication Network की मिल्ड्रेड गेसा आफू हुर्केको स्थान नजिक नइरोबीको डण्डोरामा अवस्थित सुकुम्बासी बस्तिबारे बोल्दै ।*

# धरातलबाट देखिने दृश्य

## असमानता र गरीबी

सन् १९९० देखि २०१० सम्म, चरम गरीबी (प्रतिदिन १.९ अमेरिकी डलरभन्दा कम आय हुने) आधाले घटेको छ, र त्यही बेलादेखि गरीबी घट्ने क्रम जारी छ ।[४१] यो अत्यन्तै ठूलो उपलब्धिबाट विश्व गौरान्वित हुनुपर्दछ। साथै, सो अवधिमा मुलुकहरू भित्रै असमानता नबढेको भए २० करोड नागरिकहरू गरीबीमुक्त हुन्थे।[४२] धनीहरूभन्दा गरिब नागरिकहरू यस आर्थिक विकासबाट बढी लाभान्वित हुन पाएका भए यो संख्या ७० करोडसम्म पनि पुग्न सक्थ्यो ।[४३] भविष्यको बाटो हेर्दा, विश्व बैंक पनि स्पष्ट छ कि धनी र गरीबबीचको खाडल अन्त्य नगरुन्जेल २०३० सम्म २० करोड मानिस अझै १.९ डलरभन्दा कम आयका भरमा बाँचिरहँदा चरम गरिबी अन्त्य गर्ने उद्देश्यमा हामी ठूलो अन्तरले चुकिनेछ ।[४४]

यस्तो पनि अवस्था छ कि चरम गरिबीबाट मुक्त भएका मानिसहरू धेरैजसो गरीब नै रहिरहन्छन् र ऋणका कारण परिवार पाल्न पनि संघर्षरत हुन्छन् । प्राय जसो त्यस्ता मानिसहरू चरम गरिबीभन्दा एक कदममात्र अगाडि हुन्छन् । विश्वको आधाभन्दा बढी जनसंख्या दैनिक २ देखि १० अमेरिकी डलर आयमा निर्भर भएर बाँच्न बाध्य छन् ।[४५]

यसको कारण विगत २५ वर्षमा विश्वव्यापी आय वृद्धिको एकदमै सानो अनुपातमात्र सबैभन्दा गरीब आधा जनसंख्यामा पुग्नसक्नु हो । Credit Suisse द्वारा हालसालै जारी गरिएको "विश्व असमानता प्रतिवेदन (World Inequality Report)" का अनुसार सन् १९८० देखि २०१६ को बीचमा अति धनाढ्य एक प्रतिशत व्यक्तिहरूले विश्वव्यापी आय वृद्धिको २७ प्रतिशत हिस्सा पाए भने गरीब ५० प्रतिशतले त्यसको आधा अर्थात् १३ प्रतिशत मात्र पाउन सके ।[४६] गत २५ वर्षमा सबैभन्दा गरीब १० प्रतिशत मानिसहरूको औसत वार्षिक आयमा तीन अमेरिकी डलरभन्दा कमको वृद्धि भएको पाइयो। विश्वव्यापी आर्थिक वृद्धिबाट गरीब रहेका ५० प्रतिशतमा हरेक डलरबाट मात्र १३ सेन्ट (cent - रूपियाको सानो इकाइ पैसा जस्तै) पुग्ने तर धनी १० प्रतिशतमा भने ४२ सेन्ट (cent) जाँदै गर्दा गरीबी अन्त्य गर्ने अहिलेको तरिका निष्प्रभावी साबित भएको छ ।[४७]

वातावरणीय दृष्टिकोणबाट नियाल्दा पनि विकासको हालको ढाँचा दिगो हुन सक्दैन: असमानताको हालको स्तरलाई आधार मान्ने हो भने सबै मानिसलाई न्यूनतम दैनिक पाँच अमेरिकी डलर आयमा पुऱ्याउनका निम्ति विश्व अर्थतन्त्र १७५ गुनाले बढ्न आवश्यक रहन्छ जुन विश्व वातावरणले धान्न सक्ने छैन ।[४८]

# आर्थिक तथा लैङ्गिक असमानता

लैङ्गिक र आर्थिक असमानताको नजिकको सम्बन्ध छ । धेरैजसो मुलुकहरूमा पारिश्रमिकमा व्याप्त लैङ्गिक असमानतालाई जोड दिइँदै आएपनि सम्पत्तिमा आधारित लैङ्गिक असमानता अझ बढी रहेको पाइन्छ । विश्वभरि नै जमिन, शेयर तथा अन्य पूँजी सम्पत्तिहरूमा महिलाभन्दा पुरुषको बढी स्वामित्व रहँदै आएको छ ।[४९] साथै, समान भूमिकाका लागि महिलाभन्दा पुरुषलाई बढी पारिश्रमिक दिइने गरिन्छ भने बढी पारिश्रमिकसहितको उच्च ओहदाका कामहरूमा पुरुष नै धेरै हुने गरेको पाइन्छ । प्रायः न्यून पारिश्रमिक दिइने अनिश्चित रोजगारीहरूमा महिलाहरूको बाहुल्यता रहनु कुनै संयोग होइन ।[५०] विश्वभरि सामाजिक मूल्य-मान्यता, दृष्टिकोण र व्यवहारले महिलाको हैसियत र योग्यताको अवमूल्यन गर्दै उनीहरूमाथि हुने हिंसा तथा भेदभावलाई समर्थन गरेको पाइन्छ ।

लैङ्गिक असमानता कुनै संजोग वा आकस्मिक घटना होइन, न त यो कुनै नौलो कुरा हो: हाम्रो अर्थतन्त्र धनी र शक्तिशालीले आफ्ना लागि बनाएका छन् । नवउदारवादी आर्थिक संरचनाले लैङ्गिक असमानतालाई अझ नराम्रो स्थितिमा पुऱ्याएको छ - जस्तै, सार्वजनिक सेवाहरूका पारिश्रमिक र अधिकारमा तीव्र गिरावटले पुरुषभन्दा महिलाहरू बढी प्रभावित हुने गर्दछन् ।

हाम्रो आर्थिक समृद्धि महिलाहरूले स्याहार अर्थतन्त्रमा पुऱ्याउँदै आएको ठूलो परिमाणको, तर मान्यता नदिइएको, पारिश्रमिक विनाको सेवामा पनि निर्भर छ । उदाहरणका लागि पेरुमा महिलाहरूको यस किसिमको सेवाले कुल गाह्रस्थ उत्पादनमा करिब २० प्रतिशत योगदान पुऱ्याइरहेको अनुमान गरिएको छ ।[५१] यस किसिमको काम धनी महिलाहरूभन्दा गरीब महिलाहरूले अधिक रूपमा गर्नुपर्ने बाध्यता छ ।[५२]

चरम आर्थिक असमानता सामना गर्नका लागि लैङ्गिक असमानता अन्त्य गर्न जरुरी छ । त्यसैगरी महिला र पुरुषबीच समानता कायम गर्नका निम्ति तात्त्विक परिमाणमा

आर्थिक असमानता घटाउन आवश्यक छ । त्यसको प्राप्तिका लागि महिलाहरूलाई विद्यमान आर्थिक संरचनाहरूमा सम्मिलित गराएर मात्र पर्याप्त नहुन सक्छ । हुनेखाने केहीलाई मात्र नभई सबैलाई लाभदायक हुने बनाउन महिला पुरुष दुवै मिलेर निर्माण गरिने मानवीय अर्थतन्त्रका लागि नयाँ दृष्टिकोण परिभाषित गर्न अपरिहार्य छ ।

## काम गरिरहन्छन्, तर अझै गरीब छन्

प्रायः घरपरिवारका लागि आफ्नो पेशाबाट आर्जित रकम आयको सबैभन्दा महत्त्वपूर्ण स्रोत हुने गर्दछ ।[५३] यसकारण आर्थिक समानतालाई बढावा दिनका निम्ति सम्मानजनक पेशामा मानिसहरूको पहुँच बढाउन आवश्यक देखिन्छ ।

कैयौँ गरीबहरूको आयआर्जनको प्रमुख स्रोत साना-स्तरका खेतीपाती नै हुन् । अरु कैयौँका लागि भने मजदुरीबाट प्राप्त हुने ज्याला हो । यो प्रकाशन प्राथमिक रूपमा विश्वमा दैनिक ज्यालामा निर्भर मजदुरहरूमा नै केन्द्रित छ । अक्सफामले कृषि, खेतीपातीमा निर्भर साना किसानहरूका बारे सन् २०१८ मा पूरक विश्लेषणात्मक प्रतिवेदन प्रकाशित गर्दैछ ।

**कोष्ठ ३: मजदुरहरू बाँच्नका लागि संघर्षरत छन्[५४]**

म्यानमारमा अक्सफाम, विश्वका फेसन ब्राण्डहरूका लागि कपडा बनाउने महिला मजदुरहरूसँग काम गर्छ । ती मजदुरहरू दैनिक चार अमेरिकी डलर कमाउँछन् जुन चरम गरिबीको रेखाभन्दा दोब्बर हुन आउँछ । सो रकम कमाउनका निम्ति उनीहरू हप्ताको ६ वा ७ दिन दैनिक ११ घण्टा काम गर्छन् । त्यति लामो समय गरेको कामका बावजूद उनीहरूलाई खाना तथा औषधीहरूजस्ता आधारभूत आवश्यकताहरू पूर्ति गर्न सङ्घर्ष गर्नुपर्छ र त्यसैको परिणामस्वरूप ऋणमा निर्भर हुन पुग्छन् ।

रोजगारी छ भन्दैमा कुनै पनि व्यक्ति वा उसको परिवार गरीबीमुक्त हुन्छ भन्ने होइन । अन्तर्राष्ट्रिय श्रम संगठनको हालैको आकलनअनुसार उदियमान तथा विकासशील राष्ट्रहरूमा हरेक तीन जनामा एक मजदुर गरीबीमा बाँचिरहेको छ र यो संख्या बढ्दो छ ।[५५]

आजको विश्व श्रमबजारको सबैभन्दा दर्दनाक दृश्य भनेको सम्भवतः आधुनिक दासत्व नै हो । अन्तर्राष्ट्रिय श्रम संगठनको आकलनअनुसार सन् २०१६ मा चार करोड मानिसहरू दास बनाइए भने २.५ करोड मानिसहरू जबर्जस्ती श्रम गर्न बाध्य बनाइए । अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार, “हामीले खाएका खाद्यवस्तु र लगाएका लुगाफाटामध्ये केहीमा जबर्जस्ती श्रम गर्न बाध्य श्रमिकद्वारा उत्पादन गराइएका वस्तुहरू पनि पर्छन् र हामी उनीहरूले सफा गरेका भवनमा अझैं बस्छौं र काम गर्छौं ।”[५६]

> “हामीले खाएका खाद्यवस्तु र लगाएका लुगाफाटामध्ये केहीमा जबर्जस्ती श्रम गर्न बाध्य श्रमिकद्वारा उत्पादन गराइएका वस्तुहरू पनि पर्छन् र हामी उनीहरूले सफा गरेका भवनमा अझैं बस्छौं र काम गर्छौं ।”
>
> *-अन्तर्राष्ट्रिय श्रम सङ्गठन*

विश्वको कुल युवा श्रमशक्तिको झण्डै ४३ प्रतिशत बेरोजगार रहेर वा काम गर्दै गरेको भएपनि गरिबीमा बाँच्न बाध्य छन् ।[५७] ५० करोडभन्दा बढी युवाशक्ति दैनिक दुई अमेरिकी डलरभन्दा कममा जीविकोपार्जन गरिरहेको अवस्था छ ।[५८] विकासशील मुलुकमा अनुमानित २६ करोड युवाशक्ति रोजगारी, शिक्षा र सीपमूलक तालिमबाट बञ्चित छन् ।[५९] महिलाहरूका हकमा यो अनपात हरेक तीन महिलामा एक हुन आउँछ ।[६०] विश्व आर्थिकमन्दीको प्रभावमा विविधता भए तापनि यसको असर भने युवावर्गमा निरन्तर भएको पाइन्छ ।[६१]

आधुनिक दासत्वमा बाँचिरहेका श्रमिकहरूमध्ये करिब ४० लाख बालबालिका छन् । हालसालैको अनुमानअनुसार ५ वर्षदेखि १७ वर्ष उमेरका १५ करोड बालबालिकाहरू[६२], अर्थात् करिब १० बालबालिकामा एक, कुनै न कुनै प्रकारको बालश्रम गर्न बाध्य छन् ।[६२]

हालका दशकहरूमा धेरै मुलुकहरू आर्थिक विकासमा उल्लेखनीय फड्को मार्न सफल भए तापनि श्रमिकहरूको अवस्थामा भने खासै परिवर्तन आएको छैन । श्रमिकहरूले उत्पादन गरेका वस्तुहरूको मूल्यमा नाटकीय वृद्धि भएपनि उनीहरूको ज्याला र काम गर्ने अवस्थामा त्यही अनुपातमा प्रगति भएको पाइँदैन । आइ.एल.ओ. ले १३३ धनी र विकासशील मुलुकहरूलाई सन् १९९५ देखि २०१४ बीचको अवधिमा गरेको सर्वेक्षणले ९१ मुलुकहरूमा ज्यालाले उत्पादकत्व वृद्धि तथा आर्थिक वृद्धिसँग समान गति लिन नसकेको पाएको छ ।[६३]

दुःखद कुरा यो छ कि धेरै मुलुकहरूमा न्यूनतम पारिश्रमिक र सामुहिक सौदाबाजीको प्रावधान नै छैन र सो प्रावधान भएका मुलुकहरूमा समेत तोकिएको न्यूनतम पारिश्रमिक जीविकोपार्जनका निम्ति अपुग हुँदै आएको छ।[६४] अक्सफामले मोरोक्को, केन्या, इण्डोनेसिया र भियतनाममा यस्तो स्थिति रहेको प्रकाश पारेको छ ।[६५] साथै, न्यूनतम पारिश्रमिक कानुनको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन र पुरुषभन्दा महिलाको हकमा यो कानुन फितलो भएको देखिन्छ ।

# असुरक्षित, खतरायुक्त र अधिकारविहीन

अस्थायी तथा असुरक्षित काम विकासशील मुलुकहरूमा सामान्य भइसकेको अवस्थामा धनी मुलुकहरूमा पनि यो प्रवृति बढ्दै छ। अस्थायी कर्मचारीहरूलाई कम पारिश्रमिक, कम अधिकार र सामाजिक सुरक्षामा कम पहुँच हुने गर्दछ। यस्ता कामहरूमा युवा र महिलाहरू बढी हुने गरेको देखिन्छ ।

अधिकांश श्रमिकका लागि उनीहरूको काम खतरनाक र स्वास्थ्यलाई हानिकारक हुने खालका छन् । आइ.एल.ओ का अनुसार वर्षेनि २७ लाखभन्दा बढी मजदुरहरू कामको सिलसिलामा दुर्घटना वा उक्त कामसम्बन्धी रोगहरुका कारण मृत्युवरण गर्नपुग्छन् -जुन हरेक ११ सेकेण्डमा एक मृत्यु हुन आउँछ ।[६६]

*"यौन दुर्व्यवहार यस किसिमको काममा निकै सामान्य भइसकेको छ । न्युनतम ९० प्रतिशत महिला मजदुरहरू ग्राहक र साहुहरू दुवैबाट यौन दुर्व्यवहारमा पर्ने गर्छन् । तर पीडितलाई न्याय दिने कुरा कम्पनीको पक्षमा हुन्छ ।"*

*-युलोगिया फमिलिया, डोमिनिकन गणतान्त्रिकको एक होटल मजदुर संगठनकी प्रतिनिधि* [६७]

विश्वभरि नै महिला मजदुरहरू कहिले गम्भीर दुर्घटना तथा कहिले स्वास्थ्य अवस्थामा खतरा र कहिले कार्यस्थलमै यौनहिंसाको शिकार हुन्छन् । अक्सफामले क्यानडा र थाइल्याण्डका होटल मजदुरहरूसँग गरेको अन्तर्वार्ताअनुसार उनीहरूले नियमित रूपमा पुरुष आगन्तुकहरूबाट यौन दुर्व्यवहार र हिंसाबाट पीडित हुने गरेको बताएका छन् ।[६८] साथै, होटल मजदुरहरूले सरसफाइमा प्रयोग हुने विभिन्न रसायनहरूको नियमित प्रयोगका कारण उनीहरूको स्वास्थ्यमा नकारात्मक असर पार्दै आएको बताएका छन्। बङ्लादेशका कपडा कारखानामा कार्यरत धेरै युवतीहरू चर्पी जानबाट बन्चित गरिएका कारण मूत्र नली संक्रमणबाट बारम्बार आक्रान्त भइरहेका छन् ।

त्यसैगरी, अक्सफामले संयुक्त राज्य अमेरिकाका पोल्ट्री क्षेत्रमा कार्यरत मजदुरहरूबारे गरेको एक अध्ययनका अनुसार उनीहरू थाङ्ना र टाला लगाइरहेका थिए, किनभने उनीहरू चर्पी जानबाट बञ्चित थिए ।[६९]

**कोष्ठ ४: आफ्नै बच्चाको हात समात्न नसक्दाको अवस्था[७०]**

संयुक्त राज्य अमेरिकामा अक्सफाम दयनीय वातावरणमा काम गर्न बाध्य पोल्ट्री श्रमिकहरूसँग मिलेर काम गर्ने वातावरणमा सुधार ल्याउनका निम्ति अभियान चलाइरहेको छ । श्रमिकहरूलाई दिसा, पिसाब गर्न पर्याप्त विश्राम दिइँदैन जसका कारण उनीहरु टाला र थाङ्ना लगाएर काम गर्न बाध्य छन् । डोलोरेस, अर्कान्सासका भूतपूर्व पोल्ट्री श्रमिकले भने, "आफ्नो केही मूल्य नभएको जस्तो बोध हुन्थ्यो .......बिहानको पाँच बजे आइपुग्थ्यौं....११/१२ बजेसम्म चर्पी नगईकन काम गर्नुपर्ने हुन्थ्यो .....मलाई उनीहरूसँग आफ्नो टालो, थाङ्नो फेर्नुपर्ने कुरा भन्न लाज लाग्थ्यो ।"

यो काम पनि खतरायुक्त हुन्छ किनकि यो क्षेत्र सबैभन्दा बढी चोटपटक लाग्ने क्षेत्रमध्ये एक हो । मांसपेशीमा बारम्बार पुग्ने चोट यति कठोर हुन सक्छ कि उत्पादन क्रममा एक साल मात्रै काम गर्दा श्रमिकहरू आफ्ना औंलाहरु सीधा पार्न सक्दैनन्, चम्चा समात्न सक्दैनन् र आफ्नै बच्चाको हात समात्न पनि नसक्ने हुन्छन् ।

सङ्गठित श्रमिकहरूले धनबाट प्राप्त भएको शक्तिलाई चुनौती दिँदै आएका छन् र अझ समान र लोकतान्त्रिक समाज निर्माणका लागि उनीहरू निर्णायक साबित हुँदै आएका छन् । श्रमिक संगठनहरू आफ्ना सदस्यहरूका लागि मात्र नभई समाजका समस्त श्रमिकहरूको पारिश्रमिक, अधिकार र सुरक्षा वृद्धिका लागि लड्ने गर्दछन् ।[७१] दुर्भाग्यवश, अन्तर्राष्ट्रिय मुद्रा कोष (आइ.एम.एफ्) ले विश्वभरि नै सन् २००० देखि ट्रेड युनियनको घनत्व दरमा कमी आइरहेको जनाएको छ ।[७२] यसलाई आइ.एम.एफ.ले बढ्दो असमानतासँग जोडेको छ ।[७३] यो स्थितिलाई हाल बढ्दो क्रममा रहेका अस्थायी तथा छोटो समयावधिका लागि गरिने करार व्यवस्था, बाह्य स्रोतको सहयोगमा गरिने कामजस्ता श्रमिक अधिकार संकुचित पार्ने प्रवृतिले झन् टेवा दिइरहेको पाइन्छ ।

आइ.टी.यू.सी. विश्वव्यापी अधिकार सूचकांक (ITUC Global Rights Index) का अनुसार मजदुरविरुद्ध शारीरिक हिंसा तथा डरधम्की हुने देशहरूको संख्या एक वर्षमा मात्रै १० प्रतिशतले बढेको पाइन्छ ।[७४] ५९ देशहरूमा ट्रेड युनियनका सदस्यहरूमाथि हमला भएको तथ्याङ्क छ ।[७५] तीन चौथाईभन्दा बढी देशहरूमा अधिकांश अथवा सबै मजदुरहरू शान्तिपूर्ण आन्दोलन गर्न पाउने आफ्नो अधिकार बाट बञ्चित छन् । थाइल्याण्डका १० श्रमशक्ति मध्ये एकको अनुपातमा रहेका आप्रवासी मजदुरहरूलाई आन्दोलन गर्न बन्देज लगाइएको छ ।[७६]

अर्थतन्त्रको अनौपचारिक क्षेत्रमा तल्लो स्तर भनिएका कामहरू धेरै छन् जुन प्राय अनियन्त्रित हुने गर्दछ। अनौपचारिक क्षेत्रमा महिला र युवाहरूको बढी प्रतिनिधित्व छ । यो स्थितिले खुल्ला अर्थतन्त्रका केही शक्तिशाली खेलाडीहरूलाई फाइदा पुऱ्याएको छ । ठूला बहुराष्ट्रिय कम्पनिहरूले थोरै परिश्रमिकका साथै कम सुरक्षा प्रदान गर्ने र अनौपचारिक श्रमशक्तिमा निर्भर स-साना कम्पनीहरूलाई ठेक्का दिएर आफ्नो खर्च कम गर्ने गर्दछन् । यसले त्यस्ता बहुराष्ट्रिय कम्पनिहरूलाई मजदुर अधिकार र सामाजिक सुरक्षासम्बन्धी ऐनकानुन छल्न सहज बनाउँछ ।

# के कारणले यस्तो हुँदैछ ?

अन्तर्सम्बन्धित विविध कारक तत्वहरूको संयोजनले सौदाबाजी गर्ने सामर्थ्यमा एकातिर धनी समुदायको वृद्धि भएको छ भने गरिबहरूको सोही सामर्थ्यमा ह्रास आएको देखिन्छ ।

गरीब श्रमिकहरूको अधिकार खस्किँदै गएको छ र ट्रेड युनियनहरू कमजोर तुल्याइएसँगै उनीहरुको सौदाबाजी गर्ने क्षमतामा कमी आएको पाइन्छ । संस्था/कम्पनीहरू बढीभन्दा बढी गाँभिदै/एकिकृत हुँदै छन् र धनाढ्य शेयर धनीहरूलाई अझ बढी लाभांश बाँड्न निकै दवाबमा छन् । यस्ता मुनाफाहरू अधिकांशतः श्रमिकहरूबाट प्राप्त हुने गर्दछ र यसले औद्योगिक स्तरमा कर छलीमा संलग्न हुन उकास्ने गर्दछ। कम्पनीहरूले आफ्नो लगानीको गतिशीलतालाई प्रयोग गरी कर र श्रमिकमा निर्भर देशहरूलाई नोक्सान पुऱ्याउने गर्दछन् । उनीहरूको बढ्दो प्रभावको खतराले पनि धनीहरूका हातमा बढी शक्ति केन्द्रीकरण गरेको छ र मजदुरहरूमा दबाब ।

यसको समाधानका लागि हामी मानवीय अर्थतन्त्र निर्माण गर्न सक्छौं।

अर्थतन्त्र हाल जुन संरचनामा निर्मित छ, त्यस्तै हुनुपर्छ भन्ने छैन । हामी अझ मानवीय अर्थतन्त्र निर्माण गर्न सक्छौं[७७] जसमा धेरै आय आर्जन गर्ने तथा ज्यादा सम्पत्तिको स्वामित्व भएकाभन्दा पनि सर्वसाधारण, मजदुर र साना किसानहरूको हितलाई प्राथमिकता दिइन्छ । यस खालको अर्थतन्त्रले चरम असमानतालाई अन्त्य गर्दै हाम्रो पृथ्वीको भविष्यलाई सुनिश्चित गर्न सक्दछ। हामीले नव-उदार अर्थतन्त्रको कट्टर पालना र सरकारमा सम्भ्रान्त वर्गको अस्वीकार्य वर्चस्वलाई नकार्न सक्नुपर्छ । यो उपलब्धि हासिल गर्ने दुई महत्त्वपूर्ण उपायहरू छन् : शुरुबाट नै अर्थतन्त्रलाई अझ समान ढङ्गबाट परिकल्पना गर्ने र कर तथा सार्वजनिक खर्चको माध्यमबाट पुनर्वितरण गरी बढी न्यायपूर्ण अर्थतन्त्र निर्माण गर्ने ।

*यो उपलब्धि हासिल गर्ने दुई महत्त्वपूर्ण उपायहरू छन् : शुरुबाट नै अर्थतन्त्रलाई अझ समान ढङ्गबाट परिकल्पना गर्ने र कर तथा सार्वजनिक खर्चको माध्यमबाट पुनर्वितरण गरी बढी न्यायपूर्ण अर्थतन्त्र निर्माण गर्ने ।*

## हाम्रो अर्थतन्त्र र आर्थिक क्रियाकलापको नियमन र पुनः संरचना

श्रमिकहरूको सौदाबाजी गर्ने अधिकार सुनिश्चित गर्न, “ट्याक्सहेभन” भनिने कर मुक्त क्षेत्रहरूको प्रयोग बन्द गर्न, एकाधिकारको अन्त्य गर्न, र वित्तीय क्षेत्र तथा प्राविधिक विकासमार्फत अधिकांशलाई फाइदा पुग्ने कुरा सुनिश्चित गर्न नीतिनियम र कानुनले नियमन गर्न सकिन्छ । अति न्यून पारिश्रमिक, दासत्व र जोखिमयुक्त असुरक्षित कामलाई नैतिक रुपमा नै अस्वीकार्य बनाउन सरकार र व्यवसायीहरू दुवैले कदम चाल्न सक्छन् ।

